## चरण ४ – पठाउनु

**1.** सहभागी विवरण फारम भर्नुहोस्।




**2.** आफ्नो नाम र ठेगाना भुक्तान गरिसकेको फिर्ता खामको पछाडि तर्फ लेख्नुहोस् र अगाडि हस्ताक्षेर गर्नुहोस्।



**3.** सहभागी विवरण फारम र दुईवटा नमूना ट्यूबहरुलाई (सिल्बन्दी गरिएको जिपलक झोलामा) भुक्तान गरिसकेको फिर्ता खाममा सिल्बन्दी गरिदिनुहोस्।



**4.** खामलाई **२४ घण्टा भित्र** हुलाक कार्यालयमा पुऱ्याउनुहोस्, वा अष्ट्रेलिया पोष्ट मेल बक्समा **ढिलोमा दिउँसोको (६ बजे भित्र) मा पठाउनुहोस्।**



नमूनालाई चिसो राख्नु पर्दछ, त्यसैले त्यसलाई तातो ठाउँ जस्तै गाडीमा नछोड्नुहोस्।

## प्रश्नहरु

यदि तपाईसंग कसरी परीक्षण गर्ने बारेमा प्रश्न छ भने परीक्षण मद्दतलाईन **१८०० ९३० ९९८** मा फोन गर्न सक्नुहुन्छ (सोमबार देखि शुक्रबार बिहान ७:३० - रातीको १० बजे AEST/AEDT/ शनिबार देखि आइतबार बिहान ९ - रातीको ७ बजे AEST/AEDT) वा **www.cancerscreening.gov.au/bowel** मा छोटो भिडियो हेर्न सक्नुहुन्छ।

## अनुवादहरु

आफ्नो भाषामा जानकारी चाहिएमा www.cancerscreening.gov.au/translations **वा १३ १४ ५० मा अनुवादन तथा दोभाषिक सेवामा फोन गर्न सक्नुहुन्छ।**

## तपाईको नतिजा

तपाईको नजिता तपाईले पठाउनु भएको नमूनाहरुको केहि हप्तापछि तपाई र तपाईको चिकित्सककोमा (यदि मनोनित गर्नुभएको छ भने) पठाइन्छ।


**प्याथोलोजी सेवाहरु**

SONIC HEALTHCARE
Quality is in our DNA

**प्रायोजक**

r-biopharm

34 WOODFIELD BOULEVARD CARINGBAH NSW 2229

**निर्माता**

EIKEN CHEMICAL CO.,LTD.

**www.cancerscreening.gov.au**


Australian Government

NATIONAL BOWELCANCER SCREENING PROGRAM

# घरमा परीक्षण गर्ने सामाग्री निर्देशनहरु

४ सजिलो तरिकाहरु जसले तपाईको जीवन बचाउँन मद्दत गर्दछ।

**परीक्षण सामाग्रीको लागि मद्दतलाईन १८०० ९३० ९९८**

**www.cancerscreening.gov.au**

# निर्देशनहरु

## तपाईको सामाग्री भित्र निम्न चिजहरु समावेश छन्




२ x शौचालय लाइनरहरु



२ x संकलन ट्यूबहरु



१ x जिपलक झोला (फसनर भएको झोला)



१ x फिर्ता पठाउनको लागि भुक्तानी गरिसकेको खाम

## शुरु गर्नु भन्दा पहिले

### जान्नु पर्ने कुराहरु

✓ तपाईले आफ्नो खाना वा औषधीमा कुनै पनि परिवर्तन गरिरहन आवश्यक पर्दैन।

✓ तपाईले दुई सानो (थोरै) नमूनाहरु दुई फरक समयको दिसाको संकलन गर्न आवश्यक पर्दछ - प्रत्येक दिसाकों एक एक छुट्टै नमूना। तपाईले आफ्नो दुई नमूनाहरु जति सक्दो नजिकको समयमा संकलन गर्नु पर्दछ।

✓ जबसम्म तपाईले आफ्नो संकलित नमूनाहरु पठाउनु हुदैन तबसम्म यसलाई २°C देखि ८°C मा भण्डार गर्नु पर्दछ (खासगरेर फ्रिजमा तर जम्न नदिनुहोस्)।

## यदि तपाईलाई निम्न अवस्थाहरुमा हुनुहुन्छ भने परीक्षण **नगर्नुहोस्** :

✗ अल्काइ (मलद्वारको नसामा हुने घाउ) छ र रगत बगिरहेको छ भनेतपाई चिकित्सकलाई देखाउनुहोस्।

✗ यदि शौचालयको कचौरामा वा दिसा-पिसाबमा रगत आउछ भने चिकित्सकलाई देखाउनुहोस्।

✗ तपाईको महिनावारी भएको अवधि। महिनावारी भएको कम्तिमा तीन दिनसम्म परीक्षण गर्न पर्खिनुहोस्।

## चरण १ – तयारी

**1.** तपाईको ट्यूब लेबलमा कुनै मध्ये एकमा निम्न चिजहरु लेख्नुहोस्



- पूरा नाम [N] मा
- जन्म मिति [A] मा
- तपाईले नमूना लिएको मिति नमूना [D] मा

**2.** नमूना संकलन गर्नु पहिले आफ्नो मूत्राशय खालि गर्नुहोस् (पिसाब गर्नुहोस्) र शौचालय सफा गर्नुहोस्।



**3.** शौचालय कचौरामा पानी राखि त्यसमाथि शौचालय लाईनर राख्नुहोस्।

लेखेको पट्टी माथितिर फर्केको हुनु पर्दछ।



**4.** यदि शौचालयमा लाईनर डुब्छ भने पनि, यो नमूना लिनको लागि अझै पनि ठीक छ, वा नयाँ सामाग्रीको लागि माग गर्न सक्नुहुन्छ।

## चरण २ – संकलन

**1.** शौचालय लाईनर माथि दिसा गर्नुहोस्।



**2.** संकलन ट्यूबलाई खोल्नुको लागि त्यसको हरियो बिर्कोलाई **धुमाउनुहोस्**।



**3.** दिसाको विभिन्न सतहमा लट्ठिको छेउले चलाउनुहोस्।

नमूना सानो हुनु आवश्यक छ - चामलको दाना भन्दा सानो।



**4.** लट्ठिलाई पुनः संकलन ट्यूबमा राख्नुहोस् र **बिर्को बन्द गर्नुहोस्**।

ट्यूबलाई तल माथि बारम्बार **हल्लाउनुहोस्**। लट्ठिलाई फेरि ननिकाल्नुहोस्।



**5.** शौचालय लाईनर र दिसालाई सफा गर्नुहोस्।

आफ्नो हात धुनुहोस्।



## चरण ३ – भण्डारण र दोहोराउनु

**1.** ट्यूबलाई जिपलक झोलामा राख्नुहोस्।



**2.** नमूनालाई फ्रिजमा राख्नुहोस् **(जम्न नदिनुहोस्)**।

**3.** दोश्रो संकलनको लागि ट्यूबको साथमा चरण **१ - ३ दोहोराउनुहोस्** जब तपाई अर्को दिसा गर्नुहुन्छ (एकै दिनमा, अर्को दिन वा जति सक्दो चाँडै)।



*चरण ४ को लागि यसलाई पल्टाउनुहोस्।*

> *“परीक्षण अलिक चाखलाग्दो नलाग्न सक्छ, तर यो सफा र सजिलो छ र तपाईको जीवन बचाउन सक्छ। यसमा खालि शौचालयमा दुई पटक जानु पर्दछ, त्यसपछि नमूनालाई पठाउनुपर्दछ र सकिन्छ।”*